# भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**सम्पर्क नं.**

अध्यक्षज्यू - ९८६८१४५४९५
प्र.प्र.अ. - ९८५८०२०८९९
सूचना अधिकारी - ९८५८०२०७९९

पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल


पत्र संख्या : २०८२/०८३(शिक्षा, युवा तथा खेल[illegible]
चलानी नं. सूचना

मिति:२०८३।०२।११ गते

**विषय: छात्रवृतिका लागि आवेदन फाराम पेस गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका क्षेत्रमा छात्रवृति वितरण गर्नुपर्ने भएकोले भगवतीमाई गाउँपालिका भित्र स्थायी बसोबास गर्ने विद्यालय तह, उच्च शिक्षा र प्राविधिक तथा व्यवसाहिक शिक्षाका लागि अध्ययनरत विद्यार्थीहरुले तपसिल बमोजिमका आवश्यक कागजात सहित मिति २०८३।०२।२५ गते भित्र भगवतीमाई गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्न हुन अनुरोध छ।

**तपसिल**

| क्र.स. | | पेस गर्नुपर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|
| १ | दलित तथा विपन्न विद्यार्थी छात्रवृत्ति कार्यक्रम | १. निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि<br>३. शैक्षिक संस्थाको सिफारिस पत्र<br>४. अध्ययनरत शैक्षिक शैक्षिक संस्थाबाट कुनै पनि छात्रवृति नलिएको सिफारिस पत्र।<br>५. गरिबि तथा विपन्न नागरिकको हकमा सम्बन्धिक वडाको सिफारिस पत्र। | विद्यालय तह वा उच्च शिक्षाका जुनसुकै तह तथा संकायमा अध्ययनरत विद्यार्थीहरुले आवेदन दिन सक्ने। |
| २ | व्यवसायिक उच्च शिक्षा अध्यनरत विद्यार्थीलाई छात्रवृत्ति कार्यक्रम | १. निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि<br>३. वडा कार्यालयको सिफारिस पत्र<br>४. अध्ययनरत शैक्षिक संस्थाको सिफारिस पत्र। | प्राविधिक उच्च शिक्षा मा उल्लेखित क्षेत्र छात्रवृति व्यवस्थापन कार्यविधि २०८२ को अनुसूची १ मा उल्लेखित प्राविधिक शिक्षा बमोजिम हुने |

केशर बहादुर वली
वरिष्ठ शिक्षा अधिकृत (सातौं)

"सुशासन, विकास र समृद्धि, भगवतीमाईको अभिवृद्धि"


**Email : rmp.bhagawatimai@gmail.com** **Web site : bhagawatimaimun.gov.np**


"व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"


Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | ५. अध्ययनरत शैक्षिक शैक्षिक संस्था वा अन्य कुनै संस्थाबाट कुनै पनि छात्रवृति नलिएको सिफारिस पत्र।<br>६. न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि। | |

१. देहायको अवस्थामा छात्रवृति प्रदान गरिने छैन:

क) छात्रवृति प्राप्त गर्ने विद्यार्थी कुनै प्रकारको स्थायी, अस्थायी वा करार नोकरीमा कार्यरत भएमा,

ख) नियमित रुपमा शैक्षिक संस्थामा उपस्थित भई पठनपाठनमा समावेश नभएमा,

ग) अन्य निकायबाट नियमित रुपमा छात्रवृति पाइरहेको प्रमाणित भएमा,

घ) गाउँपालिकाबाट कुनै एक क्षेत्रमा एक पटक छात्रवृति पाइसकेको भएमा र

ङ) एक विद्यार्थीले अन्य कुनै क्षेत्रमा छात्रवृतिमा आवेदन पेस गरेको प्रमाणित भएमा।

२. छात्रवृति छनौट समितिले देहाय बमोजिमको अवस्थामा प्रदान गरिएको छात्रवृति रद्द गर्न सक्नेछः

क) झुटा विवरण पेस गरेमा,

ख) अध्ययन पुरा नगरेमा ,

ग) सम्बन्धित शिक्षण संस्थाबाट निष्कासित भएमा।

३. एकाघरको परिवारबाट कुनै छात्रवृत्तिको लागी दुइ वा दुइ भन्दा बढी व्यक्तिहरूबाट आवेदन प्राप्त भएमा ति व्यक्तिहरु मध्ये अभिभावकको सहमतिमा कुनै एकजना व्यक्तिलाई छनौट गरी छात्रवृत्ति उपलब्ध गराइने छ साथै सो परिवारको दुइ वा दुइ भन्दा बढी अध्ययनरत रहेको हकमा गाउँ कार्यपालिकाको निर्णायानुसार कुनै एकजनालाई मात्रै छात्रवृत्ति उपलब्ध गराइने छ।

४. कुनै विद्यार्थी अध्ययनरत साधारण र प्राविधिक तथा व्यवसायिक शैक्षिक संस्थामा लाग्ने पुर्ण शुल्क तथा आंशिक शुल्कको लागि छात्रवृति प्रदान गर्न सकिनेछ। सो रकम निर्धारण सम्बन्धित शैक्षिक संस्थामा लाग्ने मासिक शुल्कको आधारमा निर्धारण गरिनेछ।

केशर बहादुर वली
वरिष्ठ शिक्षा अधिकृत (सातौं)

केशर बहादुर वली
वरिष्ठ शिक्षा अधिकृत (सातौं)



Scanned with CamScanner

# अनुसूची २

## परिच्छेद ३ को दफा ४ को (क) को (अ) सँग सम्वन्धित

## भगवतीमाई गाउँपालिकाको कार्यालय

## पगनाथ, दैलेख

## दरखास्त आवेदन फाराम

१. आवेदकको नाम र थरः लिङ्गः

२. जन्म मितिः

३. नागरिकताको प्र.नं. जारी मितिः जारी जिल्लाः

४. बुवाको नामः आमाको नामः

५. स्थायी ठेगाना अस्थायी ठेगानाः

६. आवेदकको वैवाहिक स्थितिः विवाह भएको भए विवाह मितिः

७. आवेदकको जातिगत समुहः

क) जनजाति ख) सिमान्तकृत ग) दलित घ) लोपोन्मुख ङ) अन्य

८. परिवारको जिविकोपार्जनको मुख्य श्रोतः

क) कृषि ख) व्यापार व्यवसाय ग) परम्परागत पेशा घ) नोकरी ङ) अन्य

९. पारिवारिक स्थितिः

क) परिवारमुली एकल महिला भएको/नभएको

ख) एकाघर परिवारभित्र अपाङ्गता भएको व्यक्ति भएको/नभएको

ग) शहित परिवार

घ) द्वन्द पीडित परिवार

ङ) दलित परिवार

१०.परिवारको वार्षिक आम्दानीः

क) १० हजार भन्दा कम

ख) १० हजार देखि २० हजार

ग) २० हजार देखि ३० हजार

घ) ३० हजार देखि ४० हजार

ङ) ४० हजार भन्दा माथि

११.हाल अध्ययनरत तहः संकायः मुख्य विषयः

१२.हाल अध्ययनरत शिक्षण संस्थाको नाम र ठेगानाः

१३.सबैभन्दा पछिल्लो शैक्षिक योग्यताको कुल प्राप्तांक, प्रतिशत अथवा GPA

१४.आवेदन दिन चाहेको छात्रवृत्ति/अनुदान/कार्यक्रमः

(मैले यस आवेदनमा खुलाएका सम्पुर्ण विवरण सत्य छन् ।कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलि त कानून बमोजिम सहनेछु/वुझाउनेछु ।)

| आवेदकको ल्याप्चे छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

आवेदकको हस्ताक्षरः

मितिः

Scanned with CamScanner